# पुतलीबजार नगरपालिका स्याङ्जा

## विपद पिडित राहात वितरण कार्यबिधि, २०७६

### प्रमाणिकरण मिति : २०७६/०३/०१

### प्रकाशन मिति : २०७६/०३/०७

पुतलीबजार नगरसभाबाट स्वीकृत, बिपद जोखिम न्यूनिकरण तथा ब्यवस्थापन ऐन २०७४ को दफा १९ को उपदफा २ को प्रयोजनको लागि पुतलीबजार नगरकार्यपालिकाको मिति २०७६।०३।०२को बैठकले यस "विपद पिडित राहात वितरण कार्यबिधि ,२०७६"स्वीकृत गरेको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** :

(१) यस कार्यबिधिको नाम "विपद पिडित राहात वितरण कार्यबिधि, २०७६" रहेको छ ।

(२) यो कार्यबिधि तुरुन्त प्रारम्भ हुने छ ।

२. **<u>परिभाषा</u>** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा ;

(क) ऐन भन्नाले बिपद जोखिम न्यूनिकरण तथा ब्यवस्थापन ऐन २०७४ लाई सम्झनु पर्दछ ।

(ख) समिति भन्नाले ऐनको दफा ३ को नगर बिपद ब्यवस्थापन समितिलाइ संझनु पर्दछ ।

(ग) उप समिति भन्नाले दफा ४ बमोजिमको उपसमितिलाई संझनु पर्दछ ।

(घ) गम्भिर घाईते भन्नाले अंङ्गभङ्ग भएको मानिसलाई संझनु पर्दछ । सो शब्दले पशु जन/धनका सम्बन्धमा अंङ्गभङ्गको चोट संझनु पर्दछ ।

(ङ) पशुधन भन्नाले वस्तुभाउ पशुपंक्षी आदिलाई संझनु पर्दछ ।

(च) राहात कोष भन्नाले एन बमोजिम स्थापित कोषलाई संझनु पर्दछ ।

(छ) विपद भन्नाले ऐनमा परिभाषित प्राकृतिक र गैरप्राकृतिक दुबै प्रकारको विपदलाई संझनु पर्दछ ।

## ३. राहात वितरण विवरण, दर तथा परिमाण :

(१) नगरकार्यपालिकाले विपद पिडितलाई वितरण गर्ने विवरण, दर तथा परिमाण अनुसूची १ बमोजिम हुने छ ।

## ४. उपसमिति सम्बन्धी व्यवस्था :

(१) ऐनको दफा २२ को प्रयोजनको लागि दहाएको उपसमिति रहने छ ।

| | |
|---|---|
| (क) संयोजक वातावरण तथा बिपद व्यवस्थापन समिति | संयोजक |
| (ख) सृजना खवास (नगर सभा सदस्य) | सदस्य |
| (ग) सदस्य सचिव वातावरण तथा बिपद व्यवस्थापन समिति | सदस्य सचिव |

(२) उप समितिको काम कर्तब्य अधिकार देहाए बमोजिम हुनेछन् ।

(क) विपद जोखिम घटनाको अनुगमन तथा मूल्याङ्ग गर्ने ।

(ख) राहात बितरणको दर तथा अन्य बिवरण सिफारिश गर्ने ।

(ग) समितिले तोकेको अन्य कार्य गर्ने ।

## ६. राहात वितरण :

(१) दफा ४ बमोजिमको समितिले गरेको राहात वितरणको सिफारिशको आधारमा नगरकार्यपाकिाले राहात कोषमा रहेको रकमलाई वा अन्य जिन्सीको अवस्थालाई मध्यनजर गरी वितरणको निर्णय गर्ने छ ।

(२) नगरकार्यपालिकाले उपदफा १ बमोजिमको आधिकार नगरप्रमुखलाई सुम्पन सक्नेछ ।

## ५. बचाउ :

(१) यस कार्यबिधि कार्यान्वयनका लागि नगरकार्यपालिकाले निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(२) यस कार्यबिधि स्वीकृत हुनु अगाडि वितरण गरिएको नगद वा जिन्सी वा अन्य राहात यसै कार्यबिधि बमोजिम भए गरेको मानिने छ ।

# <u>अनुसूची-१</u>

## <u>राहात वितरण विवरण, दर तथा परिमाण</u>

**(दफा ३ सँग सम्बन्धित)**

| क्षति विवरण | राहात वितरणको दर | | | कैफियत |
|---|---|---|---|---|
| | नगद (प्रति व्यक्ति/वटा अधिकतम रु) | जिन्सी (प्रति व्यक्ति के.जी./ ईकाई/वटा आदि | अन्य (रोजगारी आदि) | |
| मानवीय क्षति | | | | |
| [illegible] | २५ हजार देखि ५० हजार रुपैंया सम्म | | | |
| गम्भिर घाईते/अपाङ्ग | ५ हजार देखि २० हजार रुपैंया सम्म | | | |
| पशुपंक्षी | | | | मरेमा मात्र राहात उपलब्ध गराईने |
| दुध दिने भैसी (उन्नत) | | | | ऐ |
| भैसी/राँगा (उन्नत) | | | | ऐ |
| दुध दिने भैसी(स्थानीय) | | | | ऐ |
| भैसी/राँगा(स्थानीय) | | | | ऐ |
| पाडापाडी | | | | ऐ |
| दुध दिने गाई(उन्नत) | | | | ऐ |
| दुध दिने गाई(स्थानीय) | | | | ऐ |
| बाखा/भेडा | १० हजार देखि २५ हजार रुपैंया सम्म | | | मरेमा मात्र राहात उपलब्ध गराईने |
| ब्याउने( उन्नत) | | | | ऐ |
| ब्याउने(स्थानीय) | | | | ऐ |
| बोका(उन्नत) | | | | ऐ |
| बोका(स्थानीय) | | | | ऐ |
| खसी | | | | ऐ |
| नब्याउने बाखा | | | | ऐ |
| बंगुर | | | | ऐ |
| कुखुरा/हाँस आदि | | | | ऐ |
| [illegible] | | | | ऐ |
| फलफूल | | | | नष्ट भएमा राहात वितरण उपलब्ध गराईने |
| तरकारी | १ हजार देखि १५ हजार रुपैंया सम्म | | | ऐ |
| खाद्यान्न बाली | | | | ऐ |
| नगदे वाली | | | | ऐ |
| विउविजन | | | | ऐ |

क्रमशः

# अनुसूची-१

## राहात वितरण विवरण, दर तथा परिमाण

(दफा ३ सँग सम्बन्धित)

| क्षति विवरण | राहात वितरणको दर | | | कैफियत |
|---|---|---|---|---|
| | नगद (प्रति व्यक्ति/वटा अधिक्तम रु) | जिन्सी (प्रति व्यक्ति/के.जी. ईकाई/वटा आदि | अन्य (रोजगारी आदि) | |
| भौतिक संरचना | | | | |
| घर | | | | |
| पूर्ण क्षति/ आंशिक क्षति | १५ हजार देखि २५ हजार रुपैंया सम्म | | | |
| धन्सार/गोठ | | | | |
| पूर्ण क्षति/ आंशिक क्षति | ५ हजार देखि १० हजार रुपैंया सम्म | | | |
| घर/गोठ पहिरो/जोखिम | ५ हजार देखि १० हजार रुपैंया सम्म | | | |
| टौवा/पराल | ५ हजार देखि १० हजार रुपैंया सम्म | | | |

द्रष्टव्यः

१. सरकारी र सामुदायिक विद्यालय भवनको क्षतीलाई माग, आवश्यकता तथा औचित्य हेरी राहात उपलब्ध गराउन सकिने छ ।

२. अन्य प्रकोपका घटनाको क्षतिको राहात आवश्यकता र औचित्यताको आधारमा उपलब्ध गराउन सकिने छ ।

आज्ञाले,<br>
रूद्र बहादुर मल्ल<br>
प्रमुख प्रशासकीय अधिकृत